
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक १३ गते सोमबार ❑ 30 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## विकासशील मुलुकमा स्तरोन्नति हुन गरिएका नेपालका प्रयास प्रशंसनीय : महासचिव गुटेरेस

**रासस**
काठमाडौं, १२ कार्तिक

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले नेपालले अल्पविकसितबाट विकासशील मुलुकमा स्तरोन्नति हुन गरेका प्रयास प्रशंसायोग्य रहेको बताउनुभएको छ।

नेपालको चारदिने औपचारिक भ्रमणमा रहनुभएका उहाँले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग सिंहदरबारमा भेटवार्तापछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै विश्वमा शान्ति स्थापना र बहुपक्षीय समस्या समाधानका लागि नेपालले उल्लेख्य भूमिका खेलेको पनि जनाउनुभयो।

"नेपालले पछिल्लो २० वर्षमा शान्ति स्थापनाका साथै राजनीतिक व्यवस्था परिवर्तनमा सकारात्मक उपलब्धि हासिल गरेको छ । आगामी दिनमा नेपालले जलवायु परिवर्तन र दिगो विकासको लक्ष्य हासिल गर्न चालेका कदम पनि प्रशंसनीय छन्", उहाँले भन्नुभयो । कोभिड-१९ पछि उत्पन्न भएको अन्तर्राष्ट्रिय आर्थिक सङ्कट र जलवायु परिवर्तनको जोखिममा नेपाल पनि परेको उल्लेख गर्दै उहाँले जलवायु परिवर्तनको असर र जोखिममा रहेको नेपाललाई विकसित राष्ट्रले सहयोग गर्नुपर्ने बताउनुभयो।



महासचिव गुटेरेसले भ्रमणका क्रममा नेपालका हिमाली भेगको अवलोकन गर्ने र जलवायु परिवर्तनले हिमाली क्षेत्रमा पारेको गम्भीर असरलाई आफैँले अवलोकन गर्ने जनाउँदै जलवायु परिवर्तनका कारण प्रभावमा परेका समुदायसँग भेट्ने बताउनुभयो । महासचिव गुटेरेसले नेपालको सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुर्‍याउँदा अन्तर्राष्ट्रिय मापदण्ड र सर्वोच्च अदालतको फैसलाका आधारमा पीडित, तिनका परिवार र समुदायमा शान्ति र न्यायको प्रत्याभूति दिलाउनपर्नेमा जोड दिनुभयो । महासचिव गुटेरेसले नेपालमा आफ्नो भ्रमणले राष्ट्रसङ्घ र नेपालबीचको आपसी सम्बन्ध र सहकार्यलाई थप मजबुद बनाउने विश्वास व्यक्त गर्नुभयो । महासचिव गुटेरेसले आफूले पोखरा र लुम्बिनीको भ्रमण गर्ने जनाउँदै भगवान् गौतम बुद्धले शान्तिका लागि दिएका उपदेश आजको अशान्त र समस्याग्रस्त विश्वका लागि सबैभन्दा धेरै उपयोगी सावित हुने बताउनुभयो। महासचिव गुटेरेसले नेपालमा अन्तर्राष्ट्रिय सहयोग बढाउन पहल गर्ने विश्वास पनि दिलाउनुभयो । "नेपाल विश्वको मित्र बनेको छ। त्यसैले विश्वका सबै राष्ट्र अब नेपालको अशल मित्र बन्नुपर्छ। आपसमा सहकार्य र सहयोगले त्यो सम्भव हुन सक्नेछ" महासचिव गुटेरेसले भन्नुभयो । महासचिव गुटेरेसले इजरायल र प्यालेस्टाइनबीचको जारी युद्धका सन्दर्भमा कहिल्यै पनि नागरिकको हत्या, अपहरण र यातना दिने काम कुनै पनि हालतमा न्यायिक हुन नसक्ने स्पष्ट गर्दै गाजाको स्थिति झन खराब हुँदै गइरहेकामा दुःख व्यक्त गर्नुभयो । "मलाई दुःख लागेको छ तत्काल मानवीय उद्धारका लागि अन्तर ष्ट्रिय समुदायलाई आह्वान गर्दै गर्दा इजरायलले आफ्नो सैनिक कारबाही बढाएको छ", महासचिव गुटेरेसले भन्नुभयो, "कुनै पनि पक्षले युद्धसम्बन्धी अन्तराष्ट्रिय कानुन र मान्यताको पालना, मानवीयता र आफ्ना दायित्वको सम्मान र पालना गर्नुपर्छ । युद्धका समयमा नागरिकको सुरक्षालाई कसरी ध्यान दिने भन्ने मानवीय कानुन र अभ्यासको पालना अपरिहार्य हुन्छ ।" गाजा क्षेत्रमा विश्वका झण्डै २० लाख मानिस आवास, खाद्यान्न, खानेपानी र स्वास्थ्य उपचारबाट वञ्चित भइरहेको बताउँदै उहाँले सबै प्रकारका युद्धको बिराम गरी अपहरणमा परेकालाई सुरक्षित फिर्ता गर्न र जोखिममा रहेका गाजाका नागरिकलाई तत्काल उद्धार उपलब्ध गराउन सरोकारवाला सबै पक्षसँग आह्वान गर्नुभयो। उहाँले इजरायलमा हमासको आक्रमणमा परी मृत्यु भएका १० जना नेपालीका परिवारप्रति शोक व्यक्त गर्दै अहिलेसम्म बेपत्ता रहेका विपीन जोशीको सुरक्षित उद्धारको अपेक्षा गर्नुभयो ।

## संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेस सोमबार पोखरा आउने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस सोमबार पर्यटकीय नगरी पोखरा आउनुहुने भएको छ । नेपालको चारदिने औपचारिक भ्रमणका क्रममा आइतबार काठमाडौँ आउनुभएका महासचिव गुटेरेसको भ्रमण कार्यतालिकामा पोखरा समावेश गरिएको छ।

भ्रमणका क्रममा सोमबार दिउँसो पोखरा आउनुहुने कार्यक्रम रहेको कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले जानकारी दिनुभयो।

महासचिव गुटेरेस मङ्गलबार बिहान अन्नपूर्ण आधार शिविर जाने कार्यक्रम रहेको प्रमुख जिल्ला अधिकारी घिमिरेको भनाइ छ। महासचिवको आगमनलाई लक्षित गरी सम्पूर्ण सुरक्षा व्यवस्था मजबुद पारिएको उहाँले जानकारी दिनुभयो । सन् २०१७ मा संयुक्त राष्ट्रसङ्घको महासचिव भएपछि पहिलोपटक नेपालको भ्रमण गर्न लागेका गुटेरेसले यहाँको शान्ति प्रक्रिया, दिगो विकास, जलवायु परिवर्तनलगायत विषयमा छलफल गर्नुहुने जनाइएको छ । राष्ट्रसङ्घका महासचिवको करिब १५ वर्षपछि नेपालमा हुन लागेको यस भ्रमणलाई निकै महत्त्वका साथ हेरिएको छ। महासचिव गुटेरेसको भ्रमणमा पर्यटकीय नगरी पोखरा समेटिनुले पोखराको गरिमा र महत्त्व अझै बढ्ने विश्वास लिइएको छ । अतिविशिष्ट व्यक्तिको पोखरामा हुन लागेको भ्रमण आफूहरूका लागि ठूलो गौरवको विषय भएको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बताउनुभयो। "महासचिव गुटेरेस पोखरा आउनुहुने कुरा हाम्रा लागि अत्यन्त खुसीको कुरा हो", उहाँले भन्नुभयो, "पोखराबाट अन्नपूर्ण आधार शिविरमा पुगी उहाँले जलवायु परिवर्तन, यसले पारेका प्रभाव, हिमालको अवस्था आदिको स्थलगत अवलोकनसँगै स्थानीयसँग गर्ने भनिएको छलफल एवं अन्तर्क्रियाले ठूलो महत्त्व राख्दछ ।" आफूहरू महासचिव गुटेरेसको स्वागतको पर्खाइमा रहेको उहाँले बताउनुभयो ।

महासचिव गुटेरेस अन्नपूर्ण आधार शिविर जाने कुराले त्यहाँका पर्यटन व्यवसायी पनि हर्षित छन् । आरोहणका दृष्टिले विश्वकै जेठो हिमालका रुपमा चर्चा कमाएको अन्नपूर्ण हिमालको आधार शिविरमा संयुक्त राष्ट्रसङ्घका महासचिव स्वयं आउन लाग्नुभएको विषयले यहाँका पर्यटन व्यवसायी उत्साहित बनेको छोम्रोङ पर्यटन समितिका सचिव दिलीप गुरुङले बताउनुभयो । महासचिवको आगमनले अन्नपूर्ण हिमाल, आधार शिविरसँगै समग्र यस क्षेत्रको विश्वव्यापी प्रवर्द्धन हुने विश्वास लिइएको उहाँले बताउनुभयो।

प्रकृतिको बरदान पाएको पोखरा अतिविशिष्ट व्यक्तिको भ्रमणस्थल बन्दै गएको छ । फ्रान्सका हिमाल आरोही मौरिस हर्जोगले सन् १९५० जुन ३ मा सर्वप्रथम अन्नपूर्ण प्रथमको सफल आरोहण गरेसँगै अन्नपूर्ण हिमाल र यससँग प्रत्यक्ष जोडिएका पोखरालगायतका गन्तव्यले पर्यटकीयरुपमा महत्व पाएका हुन् ।

अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले गरेको अन्नपूर्ण आधार शिविरको पदयात्रापछि पोखरालाई आधार बनाएर अन्नपूर्ण, धवलागिरिजस्ता हिमालका पेरिफेरीमा पदयात्रातर्फ पनि आकर्षण बढेको हो । सन् १९६० देखि हिप्पी पर्यटकको आगमनले पोखराको पर्यटकीय गतिविधि बढेको पाइन्छ । सन् १९८० को दशकदेखि फस्टाउँदै गएको यहाँको पर्यटनलाई समय समयमा हुने गरेका अतिविशिष्ट व्यक्तिको आगमनले यहाँको गरिमा र महिमा अझै चुलिएको हो ।

इतिहास खोतल्दा यसअघि सन् १९६१ मा बेलायती महारानी एलिजावेथ द्वितीया र सन् १९६३ मा भारतीय राष्ट्रपति राधाकृष्णले पनि पोखराको भ्रमण गर्नुभएको थियो । त्यसयता पोखरामा २०७२ चैतमा सम्पन्न सार्क मन्त्रिपरिषद् बैठक (मिनी सार्क सम्मेलन), त्यसलगत्तै भएको बेलायती राजकुमार ह्यारीको भ्रमणदेखि २०७३ कात्तिकमा भएको भारतीय राष्ट्रपति मुखर्जीसम्मका औपचारिक भ्रमणले यहाँको महत्त्वलाई अझै बढाएको थियो । पोखरामा २०७६ कात्तिकमा बङ्गलादेशका राष्ट्रपति मोहम्मद अब्दुल हमिद फेवातालमा डुङ्गा शयरदेखि हिमाल अवलोकन आदि गतिविधिमा सरिक बन्नुभएको थियो ।

पोखरा आउनुभएका अतिविशिष्ट व्यक्तिले सुन्दर सहर, प्रकृतिको बरदान आदि उपमा दिनुले पनि यहाँको प्रवर्द्धन भइरहेको छ । महासचिव गुटेरेसको भ्रमणलाई पोखरेलीले यहाँको विश्वव्यापी पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण अवसरका रुपमा लिएको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ बताउनुहुन्छ ।

"महासचिवको भ्रमण तालिकामा पोखरा समावेश हुनु नै हाम्रा लागि ठूलो खुसीको विषय हो", श्रेष्ठले भन्नुभयो, "सुन्दर नगरीमा हुन लागेको उहाँको भ्रमण पोखराको विश्वव्यापी पर्यटन प्रवर्द्धनका लागि कोशेढुङ्गा सावित हुने विश्वास लिएका छौं, पोखरा महासचिव गुटेरेसको स्वागतको पर्खाइमा छ ।"

## पोखरामा १५ प्रतिशत विदेशी सहित ६० प्रतिशत होटल अकुपेन्सी

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

पर्यटनको पिक सिजन मानिने अहिलेको अबस्थामा पोखराको होटल क्षेत्रको अकुपेन्सी ६० प्रतिशत रहेको छ । यस बर्षको पर्यटनको सिजनको अवसरमा पोखरामा हाल ६० प्रतिशत होटल अकुपेन्सि भएको होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो ।

उहाँका अनुसार हाल भारतीय सहित तेश्रो मुलुकका पर्यटकले करिब १५ प्रतिशत होटल अकुपेन्सि रहेको छ। बडा दशैं टिकाको दिनसम्म विदेशी तथा स्वदेशी गरी २० प्रतिशत जसो होटल अकुपेन्सि दशैं टिकाको भोलिपल्ट देखि कोजागतपूर्णिमा पर्व शनिबार सम्म ६० प्रतिशत होटल बुकिङ भएको सघले जनाएको छ।

दशैं अघिसम्म ट्रेकिङ जाने पर्यटकहरुको सख्या केही बृद्धि भए पनि दशैंको टिकाको भोलिपल्ट देखि आन्तरिक पर्यटकको उत्साहजनक रुपमा सहभागिता रहेको अध्यक्ष सुवेदीले बताउनु भयो । काठमाण्डौं, चितवन, धरान, वुटवल लगायतका क्षेत्रबाट आन्तरिक पर्यटक पोखरामा आगमन भएको उहाँले जनाउनु भयो । संघमा करिब ४ सय पर्यटकीय स्तरका होटलहरु रहेका छन भने करिब २ सय होटल संघ भन्दा बाहिर रहेका छन् । त्यसै गरी पृथ्वी होटल व्यवसायी समिति अर्न्तगतको होटल अकुपेन्सि हाल करिब २० प्रतिशत रहेको समितिका अध्यक्ष अम्बिका घिमिरे(अमृत) ले बताउनु भयो। समितिमा हाल २ सय होटल आबद्ध रहेका छन्।

यसैबिच, पोखराका पर्यटकीय स्थलहरुमा यति वेला आन्तरिक तथा बाह्यि पर्यटकहरुको भिडभाड भएको छ।

## स्याङ्जा बिश्वहिन्दू महासंघले तनहुँमा महायज्ञ गर्ने

**पोखरापत्र संवाददाता**
वालिङ, १२ कार्तिक

नेपाल राष्ट्रको शान्ति, धार्मिक सहिष्णुता कायम राख्ने मुल उदेश्य राखेर विश्व हिन्दू महासंघ स्याङ्जा शाखाले महायज्ञ गर्ने भएको छ।

वेदको उजागर भएको तनहुँको वेदआश्रम स्थलमा स्याङ्जा शाखाले महायज्ञ गर्ने भएको हो । कार्त्तिक १६ गतेदेखी २३ गतेसम्म संचालन हुने महायज्ञको वचनकलाका अद्धितीय मर्मज्ञ विद्धान भागवतालङ्कार पंडित नेत्रप्रसाद पराजुलीले कथा वाचन गर्ने आयोजकले जनाएका छन् । पराजुली विश्व हिन्दू महासंघका केन्द्रीय सदस्य समेत हुन् ।

विश्व शान्ति तथा सामाजिक सदभावका लागि श्रीमदभागवत महायज्ञ तनहुँमा गर्न लागिएको महायज्ञ मुलआयोजक समितिका संयोजक तथा विश्व हिन्दू महासंघ स्याङ्जाका अध्यक्ष हरीहर पाण्डेले जानकारी दिए । उनका अनुसार वेद अनुयायी प्रतिष्ठान नेपाल, व्यास नगरपालिका तनहुँ र विश्व हिन्दू महासंघ तनहुँ सहयोगीका रुपमा रहेको बताए । वेद अनुयायी प्रतिष्ठान नेपालको केन्द्रीय कार्यालय दमौली तनहुँको व्यास गुफामा महायज्ञ संचालन हुने अध्यक्ष पाण्डेले बताए।

महायज्ञ सम्पन्न गर्न विभिन्न उपसमितिहरु समेत गठन भइसकेको आयोजकले जनाएको छ । १००१ सदस्य रहेको मुल आयोजक समितिले कार्यसम्पादन समितिको सभापतिमा अध्यक्ष हरीहर पाण्डे, आर्थिक उपसमितिको संयोजकमा अनन्तराज शर्मा, प्रचार प्रसार उपसमितिको संयोजकमा पुष्पकमल रेग्मी, अन्तराष्ट्रियसमन्वयउपसमितिको संयोजकमा भुपराज वगाले, संचार समन्वय उपसमितिको संयोजकमा श्रीकृष्ण सिग्देल, मन्च व्यवस्थापन उपसमितिको संयोजकमा केशव पराजुली र अथिति सत्कार उपसमितिको संयोजकमा गोविन्द पंगेनी रहेको महायज्ञ मुलआयोजक समितिका महासचिव पदमप्रसाद पाण्डेले बताए । महायज्ञको तयारी पुरा भइसकेको आयोजकले जनाएको छ । महायज्ञ हुने स्थलमा आयोजक आइतबार नै टोली प्रस्थान गरेको छ। टोलीले दमौली लगायत देशभरका हिन्दू धर्मालम्बीहरुलाई निमन्त्रण, भेटघाट र अन्य तयारीका कार्यक्रम गर्ने छ । महायज्ञको उदघाटन नेपाल ऋषि, संस्कृतविद् डा. जगमान गुरुङ्ले गर्ने तयारी रहेको महासचिव पाण्डेले बताए। महायज्ञ सफल बनाउन र कथा वाचन सुन्न सबै हिन्दु सनातन लगायत अन्य धार्मिक व्याक्तित्वलाई समेत आग्रह गरेको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# खेलकुद पत्रकार मञ्च गण्डकीले गर्‍यो पूर्व अध्यक्ष घलेको स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक



नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले पूर्व अध्यक्ष मोहन घलेको स्वागतमा बिहीबार एक कार्यक्रमको आयोजना गरेको छ।

विगत केही वर्षदेखि जापानमा बस्दै आएका घलेलाई पोखरा आएको मौका पारेर मञ्च गण्डकीले स्वागत गरेको हो।

पोखरा रंगशालाको मिडिया सेन्टरमा आयोजित स्वागत कार्यक्रममा बोल्दै पूर्व अध्यक्ष घलेले मञ्चले गरिरहेका गतिविधिको प्रशसा गरें। उनले मञ्च स्थापनादेखि आफ्नो कार्यकाल पुरा गर्दाका दिन स्मरण गरें। मञ्चले गरिरहेका कार्यक्रमका कारण यसको गरिमा बढ्दै गएको उनले बताए। मञ्चले आयोजना गर्ने आठौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डमा यथाशक्य सहयोग गर्ने वाचा उनले गरें। 'अवार्ड कार्यक्रम निरन्तर गर्नुपर्छ, बरु खर्चमा कटौती गरौं' उनले भने। खेल पत्रकारको क्षमता अभिवृद्धिको लागि नेपालका विभिन्न ठाउँमा रहेका एकेडेमीहरुको अवलोकन भ्रमण गर्न नेपाल पत्रकार महासंघ जापानका पूर्व अध्यक्ष समेत रहेका घलेले सुझाए। मञ्चका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान अध्यक्ष एकराज गिरी, पूर्व सल्लाहकार सुदर्शन रन्जित, उपाध्यक्ष सुरज श्रेष्ठ, महासचिव राजाराम पौडेल, सचिव शशीकुमार पौडेल र सदस्य उमेश पुनले नेपाल खेलकुद पत्रकार मञ्चले गर्दै आएका कार्यक्रम सहित आगामी योजनाको बारेमा समेत अवगत गराए। यसैबिच यहीं कार्तिक १५ गते पोखरामा आयोजना गरिने मञ्च गण्डकीको साधारण सभा तथा विधान अधिवेशनको तयारी समेत अन्तिम चरणमा पुगेको महासचिव पौडेलले जनाए। मञ्च गण्डकीमा खेलकुद बिटमा काम गर्ने पोखराका ७४ जना पत्रकार आवद्ध छन्।

# केदारनाथ आचार्यको कविता संग्रह 'सचेतना' विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक



केदारनाथ आचार्यको कविता संग्रह 'सचेतना' एक समारोहका विच विमोचन गरिएको छ।

श्री अकलादेवी तथा लक्ष्मीनारायण मन्दिर व्यवस्थापन समिति पोखरा १९ बगैचाद्धारा आयोजितकार्यक्रममासंस्कृतिविद, साहित्यकार तथा लेखक संघका अध्यक्ष तिर्थ श्रेष्ठले पुस्तकको विमोचन गरेका हुन्। पुस्तकको विमोचन गर्दे साहित्यकार तथा लेखक तिर्थ श्रेष्ठले समाजका विद्यमान सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक तथा नैतिक विषयवस्तुलाई यथार्थ किसिमबाट यस कृतिमा प्रस्तुत गरी नैतिकवान एवम् सुसंस्कृत र सभ्य बन्न यस कृतिले प्रेरित गरेको बताए। पुस्तकमाथि समीक्षा गर्दै प्रा.डा.शशिरमण सुवेदीले केदारनाथ आचार्यका कविताले समसामयिकता बोकेको बताउदै 'सचेतना' नामक कविता संग्रह भित्रका कवितामा नेपाली समाजका बिकृति र विसङ्गतिहरुको चित्र उतारिएको बताए। कार्यक्रमा लेखक केदारनाथ आचार्यको जीवनमाथि प्रकाश पार्दे नेपाल सरकारका पुर्व सचिव बाबुराम आचार्यले पोखरा महानगरपालिका १९ लामाचौर बगैचाधाममा २००७ साल वैशाख ३ गते बुवा शिवराज आचार्य र माता विष्णुमाया आचार्यको कोखबाट जन्मिएका केदारनाथको सानैदेखि कविता वाचन गर्ने बानी रहेको र अहिले आएर पुस्तक प्रकाशन गरेकोमा आफुलाई निकै खुशी लागेको बताए। अकलादेवी तथा लक्ष्मीनारायण मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामचन्द्र आचार्यको अध्यतामा भएको कार्यक्रममा शुक्ला साहित्य प्रतिष्ठानका अध्यक्ष हरि बरुवाल पोखरा महानगरपालिका १९ का वडा अध्यक्ष पुष्पेन्द्र पाण्डे वडा सदस्यहरु दुर्गादेवी बस्नेत, विकास आचार्य लगाएतले बोलेका थिए। कार्यक्रममा लेखक केदारनाथ आचार्यले 'राजनीति' शीर्षकको कविता वाचन गरेका थिए। त्यस अवसरमा लेखक दम्पतिलाई सम्मान गरिएको थियो। ६९ पृष्ठको कविता सग्रह 'सचेतना' मा २४ वटा कविताहरु समावेश गरिएको छ। आचार्यको यो कविता सग्रह पहिलो कृति रहेको छ। कार्यक्रम अकलादेवी तथा लक्ष्मीनारायण मन्दिर व्यवस्थापन समितिकी सचिव हीमा के.सीले संचालन गरेकी थिइन।

# आदर्श अर्घानिक कृषक समुहको नवौ बार्षिक साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक



आदर्श अर्घानिक कृषक समुह, पोखरा १३ आर्वाको नवौ वार्षिक साधारण सभा शनिवार सम्पन्न भएको छ।

साधारण सभाको उद्घाटन गदै पोखरा महानगरपालिका वडा नं१३ का वडा अध्यक्ष कीरण बरालले कृषकहरुले उत्पादन गर्ने हरेक कृषि उत्पादनलाई हाट बजार सञ्चालन गरेर बजार को ग्यारेन्टी गर्ने जानकारी दिए। उनले भने तपाईंहरु उत्पादन मात्र गर्नु होस् 'बिक्री वितरण को जिम्मा म लिन्छु।' किसान को उत्पादनलाई कहीं कतै खेर जान नदिने उनले प्रतिवद्धता व्यक्त गरे। अध्यक्ष वरालले अब प्रत्येक शनिबार वडा भित्रै किसान र उपभोक्ता विच खरिद विक्रि गर्ने हाट बजार सञ्चालन गरिने जानकारी पनि गराए।

कृषक ले उत्पादन मा जोड दिनु पर्ने भन्दै उनले वडाबाट कृषि उत्पादन गर्न कृषकलाई आवश्यक सहयोग उपलब्ध गराउदै जाने उल्लेख गरे। आदर्श अर्गानिक कृषक समुहका अध्यक्ष शिवप्रसाद बरालको अध्यक्ष्यतामा भएको सधारण सभामा समूहका संस्थापक अध्यक्ष कृष्णप्रसाद सिग्देल, मोहरपारपानी आदर्श टोल विकाश संस्थाका अध्यक्ष श्रीराम सिग्देल, जागरण आमा समुहकी अध्यक्ष लक्ष्मीदेवी देबकोटा, नागेश्वर महादेव मन्दिर विकाश समितीका अध्यक्ष बिष्णुप्रसाद बराल, सहेले सान्तेडाडा सालघारी सामुदायिक वन उपभोक्ता समितीका अध्यक्ष कृष्णप्रसाद बराल, समाजसेवी सुरेन्द्रप्रसाद बराल लगायतले शुभकामना मन्तब्य राख्दै कृषक र कृषि उत्पादनलाई जोड दिनु पर्ने वताएका थिए।

कार्यक्रममा समुहका अध्यक्ष शिवप्रसाद बराल र कोषाध्यक्ष श्रीराम बरालद्वारा प्रस्तुत वार्षिक प्रतिवेदनहरु सर्वसहमतिले पारित गरिएको थियो। समुहकी उपाध्यक्ष सिता सिग्देलले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव राजन सिग्देलले गरेका थिए।

# लुम्लेमा अन्नपूर्णको मूर्ति पुनःस्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

कास्कीको लुम्ले र पर्वतको देउपुरको दोसाँधमा रहेको माता अन्नपूर्णको मन्दिरमा मूर्ति पुनःस्थापना गरिएको छ। विसं २०६८ मा स्थापित मूर्ति खण्डित भएको र खण्डित मूर्ति पुज्न अयोग्य हुने तथा अनिष्ट हुने धार्मिक मान्यता अनुरुप पुरानो मूर्तिलाई विधिवत् क्षमा पूजा गरी मोदी खोलामा विसर्जन गराएर नयाँ शिलाको मूर्ति विधिवत् प्राण प्रतिष्ठासहित आइतबार पुनःस्थापना गरिएको हो।

मूर्तिको पुनःस्थापना गर्दै नेपाली कांग्रेस गण्डकी प्रदेश समितिका सभापति शुक्रराज शर्माले अन्नपूर्ण देवी सनातन परम्पराको सुरुवातदेखि नै पूजा गर्दै आइएकी देवी भएको बताउनुभयो। अन्नदा नामले पनि पूजा गरिने र जीवलाई खुवाउने पहिलो आमाका रूपमा अन्नपूर्ण माताको पूजा गरिने एवं यिनलाई सारा संसारको शासन गर्ने माता जगदम्बाको रूप मानिने उहाँले बताउनुभयो। यो गण्डकी प्रदेशकै एकमात्र अन्नपूर्ण माताको मन्दिर रहेको बताउँदै उहाँले मुक्तिनाथ, दामोदरकुण्ड र कैलाश मानसरोवर जाने हजारौं तीर्थयात्रीलाई सेवा पुऱ्याउने लक्ष्यका साथ यस क्षेत्रको विकास गरिने बताउनुभयो। कार्यक्रममा अन्नपूर्ण गाउँपालिका-५ का वडाध्यक्ष जीवनाथ पौडेल (शंकर), श्री अन्नपूर्णा माता मन्दिर तीर्थ क्षेत्रका अध्यक्ष नरहरि पौडेल, मुक्तिनाथ अन्नदाता क्षेत्र समितिका अध्यक्ष प्रकाश भट्टराई, मन्दिर निर्माण संयोजक कृष्ण चापागाईं, बहुदल ठाकुर लगायतले अन्नपूर्ण माताको महिमाबारे चर्चा गर्नुभयो।

# माता अन्नपूर्णाको मुर्ति सभापति शुक्रराज शर्माद्वारा पुर्नस्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक



कास्की र पर्वत जिल्लाको सीमानामा रहेको अन्नपूर्णा मन्दिरमा शनिबार एक कार्यक्रमका विच माता अन्नपूर्णा र गोरखनाथ कुदिएको मुर्ति नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले पुर्नस्थापना गरेका छन्।

२०६८ सालमा स्थापना भएको मुर्ति खण्डित भएको र खण्डित मुर्ति पुज्नको लागि योग्य नहुने र अनिष्ट हुने मान्यता अनुसार उक्त मुर्तिलाई विधिवत क्षमा पुजा गरी मोदी खोलामा विर्सजन गराएर नयाँ शिलाको मुर्ति विधिवत प्राणप्रतिष्ठा सहित स्थापना गरिएको हो। श्री अन्नपूर्णा माता मन्दिर तीर्थ क्षेत्र गण्डकी प्रदेशकै एक मात्र रहेको र यस क्षेत्रलाई धार्मीक पर्यटकीय स्थलको रुपमा प्रवर्द्धन गर्न सकिने भएको हुँदा मुक्तिनाथ, दामोदरकुण्ड र कैलाश मानसरोवर जाने हजारौं तीर्थ यात्रीहरुलाई सेवा पुऱ्याउने महान लक्ष्य राखेर आगामी दिनमा कार्यक्रम ल्याउने प्रदेश सभापति शर्माले जानकारी गराएका थिए। कार्यक्रममा बोल्दै सभापति शर्माले अन्नपूर्ण माताको गरिमा अत्यन्तै महत्वपूर्ण रहेको र साक्षात शिव शक्तिलाई माता अन्नपूर्णा मार्फत भक्ति समाजमा पुऱ्याएर जनजनको सेवा पूर्ण गर्ने भएको हुँदा उनको नाम अन्नपूर्णा भएको बताएका थिए। अन्नपूर्ण देवी सनातन परम्परादेखी पूजा गर्ने देवी हुन्। उनको अर्को नाम 'अन्नदा' हो। जीवलाई खुवाउने पहिलो आमा भएकोले अन्नपूर्णा माता भनेर शक्तिको रूपमा परिचित छिन्। अन्नपूर्णा देवी सनातन धर्ममा मान्यता प्राप्त देवी-देवताहरूमध्ये विशेष गरी पूजनीय छ। उनलाई सारा संसारको शासन गर्ने माता जगदम्बाको रूप मानिन्छ। यो जगदम्बाको अन्नपूर्ण रुपले संसार पोषित छ, उनले भने। लक्ष्मीनारायण भुज, बहुदल ठाकुर लगायत ५ जना अन्नपूर्ण वेश क्याम्प पद मार्ग जाँदा लक्ष्मीनारायण भुजको ईच्छानुसार यस ठाउँमा अन्नपूर्णा माताको तीर्थ मन्दिर स्थापना गरिएको बहुदल ठाकुरले बताएका थिए। उक्त कार्यक्रममा अन्नपूर्ण गाउपालिका वडानं. ५ का अध्यक्ष जीवनाथ पौडेल (शंकर), श्री अन्नपूर्णा माता मन्दिर तीर्थ क्षेत्रका अध्यक्ष नरहरी पौडेल, सचिव धन बहादुर केसी, आध्यात्मिक अनुष्ठानमा संलग्न बासुदेव पौडेल, गोविन्द केसी लगायत मुक्तिनाथ अन्नदाता क्षेत्र समितिका अध्यक्ष प्रकाश भट्टराई, मन्दिर निर्माण संयोजक कृष्ण चापागाई लगायतले आफ्नो मन्तव्य राखेका थिए।

# पोखरामा रगत अभाव, सोमबार बिहान जिरो किमीमा रक्तदान कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक


पोखरामा रगत अभाव भएको छ। विरामीको अप्रेसन र रगत कम भएकाहरुका लागि आवश्यकपर्ने रगत अभाव भएको प्रादेशिक रक्तसंचार सेवा कार्यालय पोखराका प्रमुख अर्जुन ज्ञवालीले बताए। उनले दैनिक पोखरामा ७० युनिट रगत खपत हुने गरेकोमा दशैंको बेला रक्तदान कार्यक्रम नहुँदा रगत अभाव भएको बताए। उनले कात्तिक १० र ११ गते रक्तदान कार्यक्रम भएपनि जम्मा ५० युनिट मात्र संकलन भएको बताए। रगत अभावलाई कम गर्न अभिभावक गृहले सोमबार रक्तदान कार्यक्रमको आयोजना गरेको छ। अभिभावक गृहले पोखरा ५ जिरो किलोमिटरमा सोमबार विहान साढे ७ बजे रक्तदान कार्यक्रम राखेको गृहका अध्यक्ष देबेन्द्र सुबेदीले जानकारी दिए। उनले रक्तदान जीवनदान भन्ने नाराका साथ कार्यक्रमको आयोजना गरेको बताए।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# संयुक्त राष्ट्रसंघीय महासचिवको नेपाल भ्रमण

नेपाल भ्रमणमा रहेका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले अन्तर्राष्ट्रिय मापदण्ड, सर्वोच्च अदालतको आदेश र पीडितका आवश्यकताहरू पूरा गरी शान्ति प्रक्रिया र संक्रमणकालीन न्याय टुंगोमा पुग्नुपर्ने विचार राखेका छन । प्रधानमन्त्री पुष्पकमल दाहालसँगको भेटपछि आइतबार आयोजित पत्रकार सम्मेलनमा महासचिव गुटरेसको विचारका आधारमा संक्रमणकालीन न्याय टुङ्ग्याउनुपर्छ । नेपालले १७ वर्षदेखि सुल्झाउन बाँकी रहेको र अन्तिम चरणमा रहेको नेपालको शान्ति प्रक्रिया र संक्रमणकालीन न्याय टुंगोमा पुऱ्याउन राष्ट्रसंघ सहयोग गर्न तयार रहेको स्पष्ट भएको छ ।

‘संक्रमणकालीन न्यायले पीडित, परिवार र समुदायमा शान्ति ल्याउन मद्दत गर्नुपर्छ । संयुक्त राष्ट्रसंघ नेपाललाई अन्तर ष्ट्रिय मापदण्ड, सर्वोच्च अदालतको आदेश र पीडितका आवश्यकताहरू पूरा गर्ने प्रक्रियाको विकास गर्न र त्यसलाई व्यवहारमा उतार्न सहयोग गर्न तयार छ ।’ भन्न महासचिवको भ्रमणको सार हो । राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री पुष्प कमल दाहाल, नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली, काङ्ग्रेस सभापति शेर बहादुर देउवा, सभामुख देवराज घिमिरे र मन्त्रीहरूसंग गरेका भेटवार्ता शान्तिसम्झौता टुंग्याउने काममा सफलता मिलोस भन्नेतर्फ हुन । नेपाली मिलेर शान्ति प्रकृया टुङ्ग्याउन सक्छौं भन्नका लागि महासचिवलाई साक्षी राख्न खोजेका हुन ।

नेपाल र संयुक्त राष्ट्रसंघबीचको गहिरो मित्रतालाई थप मजबुत बनाउन आफू काठमाडौं आएको पनि बताए । ‘नेपाल शान्ति र बहुपक्षीयताका पक्षमा गौरवशाली रुपमा लामो समयदेखि वकालत गरिरहेको देश हो,’ उनले भने, ‘बहुपक्षीय समाधानका लागि नेपालले गरेको योगदानका लागि संयुक्त राष्ट्रसंघ हार्दिक आभारी छ । शान्ति स्थापनाका लागि विश्वभरका शान्ति मिसनमा नेपालको उपस्थिति त्यसैको नतिजा हो ।’ महासचिवको भनाइले नेपालप्रति अन्तर्राष्ट्रिय अभिभावक संस्थाले कति महत्व दिएको छ भन्ने स्पष्ट सन्देश हो ।

महासचिव गुटेरेसले विगत बीस वर्षमा नेपालको प्रगति अचम्मको रहेको पनि बताए । ’शान्ति कायम गर्दै गणतन्त्रको स्थापना, दिगो विकास लक्ष्य हासिल गर्न तथा जलवायु परिवर्तनविरुद्ध नेपाल लागि परेको छ,’ उनले भने, ‘नेपाल आगामी केही वर्षमै अल्पविकसित देशबाट माथि उठ्न तयार भइरहेको छ ।’ उनले नेपाल आफ्नो कुनै संलग्नता नै नभएको विश्वव्यापी संकटको आँधीमा पनि फसेको बताउँदै त्यसलाई हल गर्न अन्तर्राष्ट्रिय पहल आवश्यक रहेको बताए । ‘विकसित देशहरूले नेपाल जस्तो राष्ट्रलाई कोभिड-१९ महामारी, मुद्रास्फीति र जलवायु परिवर्तनले निम्त्याएको ठूलो खतरासँग जुध्न मद्दत गर्नुपर्छ,’ उनले भने, ‘यस यात्रामा म जलवायु संकटको भयावह प्रभाव आफैं हेर्न हिमालयको भ्रमण गर्नेछु ।’

महासचिव गुटेरेसले नेपालले विगत तीस वर्षमा एक तिहाइ हिँउ गुमाएको बताउँदै यहाँका हिमनदीहरू उच्चदरमा पग्लिरहेको प्रति चिन्तासमेत प्रकट गरे । समुदायहरूमा यसको प्रभाव विनाशकारी छ र म हिमालयमा बस्ने स्थानीयहरूको कुरा सुन्न उनीहरूलाई भेट्नेछु । उनीहरू कसरी प्रभावित छन् भनेर प्रत्यक्ष रूपमा बुझ्ने छु, उनले भने । उनले भगवान बुद्धको शान्तिको शिक्षा अहिलेको समस्याग्रस्त संसारमा पहिले भन्दा सान्दर्भिक रहेको बताउँदै आफूले लुम्बिनीको पनि भ्रमण गर्न लागेको उल्लेख गरेरे नेपाली नेताहरूलाई मूल मुद्दामा केन्द्रीत हुन पनि पाठ सिकाएका छन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाब |
| कर्कट | : मन चञ्चल | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मनाङ आन्तरिक पर्यटकको गन्तव्य

रासस
मनाङ, १२ कार्तिक

हेटौंडाका अमृत ताम्राकार दसैं बिदाको समय सदुपयोग गर्न मनाङ भ्रमणमा आउनुभएको छ । उहाँ भन्नुहुन्छ, “लामो समयदेखि मनाङ आउने योजना थियो, बल्ल यसवर्ष आउने समय मिल्यो ।”

मनाङ आएर यहाँको प्रकृतिसँग रमाउनुको मज्जा नै बेग्लै रहेको ताम्राकारको भनाइ छ । “हामी धेरै पछाडि छौँ, प्रकृतिसँग खेल्न र प्रकृतिलाई बुझ्न सकेका छैनौँ, यहाँको सुन्दरता छाडेर विदेश घुम्ने योजना बनाउँछौँ, पहिले आफ्नो देशको प्रकृतिलाई बुझ्न सक्नुपर्छ, अनि विदेश भ्रमण गर्ने हो, यहाँ छ असली प्रकृति र संस्कार, संस्कृति, हामीले घुमेर र बुझेर नै प्रवर्द्धन गर्न सक्नुपर्छ”, उहाँले भन्नुभयो ।

ताम्राकार जस्तै नुवाकोटका हरि तामाङ पनि मनाङको प्राकृतिक सौन्दर्यसँग रमाउन व्यस्त हुनुहुन्छ । “मनाङ बाहेक अरु कुन ठाउँ हुनसक्छ स्वर्ग यही हो, एक पटक आउनै पर्ने ठाउँ नै मनाङ हो, जीवित नै स्वर्ग पुगेको आभास भइरहेको छ”, तामाङले भन्नुभयो । “मरेपछि स्वर्ग पुगिन्छ पुगिदैन, जिउँदै आएका छौँ, हामी त स्वर्गमा, यस ठाउँमा एक पटक सबै नेपाली आउनुपर्छ, प्रकृतिको असली स्वर्ग घुम्न जरुरी छ”, उहाँले भन्नुभयो । चिसो बढ्दै गरेको अवस्था र जोखिम बढी हुने क्षेत्र भएकाले यहाँ आउँदा भने जानकारी लिनु पनि आवश्यक रहेको तामाङको बुझाइ छ । तिलिचो ताल, सकेसम्म थोराङ्ला भञ्ज्याङ पुग्ने योजना भएको उहाँले बताउनुभयो । मनाङ विभिन्न तालतलैया, संस्कार, संस्कृति र परम्परालाई अनुभवसँगै मनाङीको आतिथ्य सत्कारलाई भरपुर रुपमा आनन्द लिइरहेको उहाँले बताउनुभयो । यहाँका बाटोमा आउँदा झरना, विभिन्न तालतलैयामा भरपुर रुपमा घुम्दै एक हप्ता सकाउने योजना रहेको उहाँको भनाइ छ । तामाङले भन्नुभयो, “यहाँ आएपछि त फर्किन नपरोस् जस्तो पो लाग्ने रहेछ, यहाँका प्रकृतिसँग रमाउँदै बस्न पो मन लाग्ने रहेछ ।” यहाँ आएर हिमालको एकदम नजिक पुगे जस्तो भइरहेको छ । बिदाको समय सदुपयोगसँगै नयाँ ठाउँको भ्रमण र प्रवर्द्धनमा टेवा पुग्ने उनीहरुको भनाइ छ । यसले प्रष्ट हुन्छ कि नेपालीमा भ्रमण गर्ने प्रचलन बढेको छ । नेपालीमा विस्तारै भ्रमण गर्ने योजनासहित नयाँ स्थानको भ्रमण तथा अवलोकन गर्ने प्रचलन बढ्दै गएको छ । बिदाको समयलाई नेपालीले भरपुर सदुपयोग गर्न थालेका छन् ।

यसमा हिन्दुको महानपर्व बडादसैं र तिहार यसवर्ष एउटै महिनामा परेको छ । अहिले नेपालीले बिदाको समय पूर्णरुपमा भ्रमणमा सदुपयोग गरिरहेका छन् । दसैं र तिहार मनाउनका लागि विदेशबाट स्वदेश फर्किएका नेपाली र कलेज, क्याम्पस अध्ययनरत विद्यार्थी लामो बिदाको सदुपयोग गर्दै मनाङ भ्रमणमा निस्कने गरेको पाइन्छ । अहिले नेपालका विभिन्न स्थानबाट हिमाली जिल्ला मनाङ आउने आन्तरिक पर्यटक बढेका छन् । दसैं र तिहार बिदामा पर्यटकीय क्षेत्र मनाङको भ्रमणमा आउने बढेको स्थानीय बताउँछन् । विगतको तुलनामा आन्तरिक पर्यटक बढ्नुले नेपालीमा भ्रमण तथा अवलोकनमा निस्कने प्रचलन बढेको नासों गाउँपालिका-१ का वडाध्यक्ष थुतेन लामाले बताउनुभयो । उहाँका अनुसार दसैंको बिदामा दैनिक रुपमा मनाङ आउने आन्तरिक पर्यटक ह्वात्तै बढेको छ । आन्तरिक पर्यटक बढ्दै गर्दा कोभिडका कारण सुस्ताएको व्यवसाय उकासिने अपेक्षासहित व्यावसायीमा खुसी छाएको छ । होटल व्यावसायी बाबुराम तामाङ भन्नुहुन्छ, “आन्तरिक पर्यटक आगमन हुँदा रात परेको थाहै भएन, काम गर्न भ्याइनभ्याइ छ ।” दसैंको बिदामा दैनिक रुपमा आन्तरिक पर्यटक एक हजार पाँच सय जति आउने गरेका तामाङले बताउनुभयो । “हामीलाई भ्याइनभ्याइ भएको छ, होटल तथा पर्यटन व्यवसायीलाई त पर्यटकको स्वागतमा नै व्यस्त हुँदा दसैं आउँदा खुसी छाएको छ”, उहाँले भन्नुभयो । अहिले मनाङका सबैजसो होटल भरिभराउ रहेको उहाँले बताउनुभयो । आन्तरिक पर्यटकले मनाङलाई गन्तव्य बनाएर आउँदा होटल तथा पर्यटन व्यवसायीमा बन्द व्यापार चलायमान भएको बताउँछन् । बाह्य पर्यटकसँगै आन्तरिक पर्यटकको आगमनले दुई वर्ष कोभिडले थलिएको व्यापारमा उत्साह थपिएको पर्यटन व्यवसायी सङ्घ मनाङका अध्यक्ष विनोद गुरुङले बताउनुभयो । “यसवर्ष मनाङ पर्यटकीयस्थल हो भनेर आभास भएको छ, नभए दुई वर्ष त सिजनमा पनि सुनसान भएको थियो, यसवर्ष आन्तरिक तथा बाह्य दुवै खालका पर्यटकको आगमन बढेको छ”, उहाँले भन्नुभयो । पर्यटकले बासस्थानको लागि भने आवश्यक जानकारी लिनुपर्ने उहाँको सुझाव छ । चिसो मौसममा होटल नपाउने समस्या हुनसक्ने अवस्था रहेकाले आवश्यक जानकारी लिएर आउन उहाँको भनाइ छ । गुरुङले भन्नुभयो, “विगतमा बाह्य पर्यटकको मात्रै आगमन हुने यस सिजनमा यसवर्ष आन्तरिक पर्यटकको पनि उल्लासमय आगमन भइरहेको छ ।” यसले गर्दा सुस्ताएको व्यापारमा आशा पलाएको उहाँले बताउनुभयो । सिजन भएकाले सबै प्रकारका होटलमा पर्यटकको रहेका अध्यक्ष गुरुङले जानकारी दिनुभयो । आन्तरिक पर्यटकको तथ्याङ्क राख्ने काम नभए पनि उल्लेख्य आगमन भएको उहाँले बताउनुभयो ।

“जुनसुकै होटलमा कम भए पनि पर्यटक रहेका पाइन्छन्”, गुरुङले भन्नुभयो । हिउँद लाग्ने बेलामा र वर्षायाम सुरुआतको समयमा गरी दुई सिजनमा मनाङ घुम्न अनुकूल समय मानिन्छ । यसै समयलाई मध्यनजर गरी मनाङमा पर्यटक घुम्न आउने गर्दछन् । पर्यटक हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नुका साथै मनाङबाट थोराङ्लापास गरी कोही मुस्ताङ त कोही पोखरा पुग्दछन् । अन्नपूर्ण पदमार्गमार्फत पदयात्रा गरी पर्यटक आ-आफ्नो गन्तव्यतर्फ जाने गर्दछन् ।

# समाजसेवी सिद्धि गौचनको १३ औं स्मृति सभा

पोखरापत्र संवाददाता
पोखरा, १२ कार्तिक



जरोटुप्पो संरक्षण साहित्य समाज नेपालको आयोजनामा समाजसेवी तथा महिला उद्यमी सिद्धि गौचनको स्मरणमा १३ औं स्मृति दिवस मनाइएको छ ।

आइतवार पोखरामा आयोजित स्मृति समारोहका वक्ताले गौचनका बहुआयामबारे प्रकाश पार्दै नाम जस्तै सामाजिक योगदान दिएकी प्रतिभाका रूपमा गौचनको स्मरण गरे । सिद्धि गौचन स्मृति अक्षयकोषका संस्थापक विश्वमोहन गौचनले हरेक श्रीमान् लाई सफल बनाउन श्रीमतीले निभाएको भूमिकाको कदर जुन रूपमा हुनुपर्ने त्यो हुन नसकेकोमा चिन्ता व्यक्त गरे ।

स्वतन्त्र पत्रकार संघ नेपालका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले परिवार असल हुनु भनेको नै सिङ्गो समाज समृद्धिको मार्गमा अगाडि बढ्नु भएको धारणा राखे । गण्डकी प्रज्ञा-प्रतिष्ठानका परिषद् सदस्य कृष्णप्रसाद पौडेलले सिद्धि गौचनले तत्कालीन समयमा समाजसेवा, राजनीति सेवा, समुदायगत व्यवसायका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा जति गरे पनि कम हुने बताए । साहित्यकार देवेन्द्र केसीले गौचन परिवारसँगका स्मृति स्मरण गर्दै गौचनको नेतृत्व क्षमता, कार्यकुशलता र थकाली समुदायले अधिराज्यभर पुऱ्याएको योगदानको खुलेर प्रशंसा गरे । कार्यक्रममा लोकनृत्य कलाकार संघका सल्लाहकार बबिता गुरुङ, अध्यक्ष केशबहादुर गुरुङ, हेमजा साहित्य प्रतिष्ठानका अध्यक्ष बलराम पौडेल, अग्रज साहित्यकार रवीन्द्र माकाजू, गुरुङ चलचित्रका महानायक ताराबहादुर गुरुङ, समाजसेवी रामचन्द्र देवकोटालगायतले गौचनको व्यक्तित्व र कृतित्वका विविध आयामबारे चर्चा गरे । संस्थाका कोषाध्यक्ष असफल गौतमले गौचनको स्मृतिमा महिला सशक्तिकरणका घरेलु उद्योग, सिलाइबुनाइ, कृषि, शिक्षा, स्वास्थ्य, समाजसेवा, कला, साहित्य, संगीतलगायतका क्षेत्रमा जीवन समर्पण गरेका प्रतिभालाई हरेक दुई वर्षमा पुरस्कृत गर्ने गरी गौचन परिवारबाट स्थापना भएको कोषको आर्जित ब्याजबाट स्मृति सभा र पुरस्कार अर्पण कार्यक्रम सञ्चालन हुँदै आएको जानकारी दिए । संस्थाका कार्यवाहक अध्यक्ष प्रा.डा. यमबहादुर पौडेल क्षत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा साहित्यकार चारघरे ठिटो, नरेन्द्र रानाभाट, अनु बराललगायतले कविताका माध्यमबाट गौचनको स्मरण गरेका थिए । सोही समारोहबीच महानायक ताराबहादुर गुरुङले बेलायतका नेपाली माझ कला संस्कृतिका माध्यमबाट उल्लेख्य योगदान पुऱ्याएको र असफल गौतमले देशभरका पत्रकार सम्मिलित राष्ट्रिय प्रतियोगितामा कलमका माध्यमबाट प्रथम पुरस्कार प्राप्त गर्न सफल भएको भन्दै लोकनृत्य कलाकार संघ र जरोटुप्पो समाजबाट सम्मानसमेत गरिएको थियो ।

# दसैं पर्यटन मेला सम्पन्न

पोखरापत्र संवाददाता
तनहुँ, १२ कार्तिक

पर्यटन प्रवर्‌द्धन गर्ने उद्देश्यसहित तनहुँको भिमाद नगरपालिका-५ मिछुर्लुङमा सञ्चालन भएको पाँचौं मिछुर्लुङ दसैं मेला सकिएको छ । यही कात्तिक ८ गतेदेखि सुरु भएको उक्त मेला कोजाग्रत पूर्णिमाको दिन समापन भएको हो ।

तेस्रो नेत्र युवा संस्थाले दसैंको अवसर पारी मेलाको आयोजना गरेको थियो । मेलाको अवसरमा आयोजित जुनियर पुरुष भलिबल प्रतियोगिताको उपाधि गण्डकी मेटल समूह भिमादले जितेको छ । शनिबार सम्पन्न फाइनलमा किहुँस्थित हुक्का समूहलाई पराजित गर्दै गण्डकी मेटल समूहले उपाधि जितेको हो । प्रतियोगितामा माझकोट समूह तृतीय भएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने समूहलाई क्रमशः रु ३० हजार, २० हजार र दश हजार नगदसहित ट्रफी प्रदान गरिएको आयोजक संस्थाका सचिव अमृत थापाले जानकारी दिनुभयो । महोत्सव समापनका अवसरमा मौलिक कौरा र लोपोन्मुख झाम्रे नृत्य प्रस्तुत गरिएको थियो । मगर जातिको बाहुल्य रहेको मिछुर्लुङको पर्यटन प्रवर्‌द्धन गर्ने उद्देश्यसहित विगत पाँच वर्षदेखि प्रत्येक दसैंमा मेला आयोजना हुँदै आएको छ । महोत्सवको समापन गर्दै गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जितप्रकाश आलेले ग्रामीण पर्यटन प्रवर्‌द्धनमा सरकारको सहयोग रहने बताउनुभएको छ । मन्त्री आलेले ग्रामीण पर्यटन समृद्धिको आधार भएकाले यसमा सरकारको साथ रहने बताउनुभयो । उहाँले भन्नुभयो, “पर्यटनबाट समृद्धि सम्भव छ, त्यसमाथि ग्रामीण पर्यटन समृद्धिको आधार हो । सरकार पर्यटन प्रवर्‌द्धनका लागि सबै हिसाबले सहयोग गर्न सकारात्मक छ ।” भिमाद नगरपालिकाका प्रमुख दधिराज सुवेदीले नगरपालिकाले पर्यटनलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम बनाएको बताउनुभयो ।


## मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## थुमाकोडाँडा, कास्की
## गण्डकी प्रदेश नेपाल

मादी गाउँपालिका

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सूचना ।

(प्रकाशन मिति २०८०/०७/१३)

कास्की जिल्लाको मादी गाउँपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की । |
| प्रस्तावको व्यहोरा | मादी गाउँपालिका क्षेत्र अन्तर्गत भगवती-लम्तरी (भगवती- खिमाजे- वार्चोक) सडक खण्ड, (८.८०१ कि.मी.)को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन निर्माण कार्यको लागि । |
| प्रभाव पर्न सक्ने क्षेत्र | मादी गाउँपालिकाको वडा नं.११ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न मादी गाउँपालिकाको सम्बधित वडा समिति, वन, विद्यालय, स्वास्थ्य संस्था तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मादी गाउँपालिका, थुमाकोडाँडा, कास्की ।<br>फोन नं: ९८५६०७२६००<br>इमेल : madimunkaski@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | अल्फाबिटा इन्जिनियरिङ्ग प्रा.लि.<br>ठेगानाः काठमाडौं, नेपाल<br>फोन नं: ९७७-९८५६०७७७३० |

नि. प्रमुख प्रशासकीय अधिकृत

# सुनको कण खोज्न बोटेहरू लागे त्रिशूली किनारातर्फ

पोखरापत्र संवाददाता
तनहुँ, १२ कार्तिक

दसैं मनाउँदा लागेको ऋण तिर्न व्यास-१० कोमलटारीका १० भन्दा धेरै बोटेहरू सुनको कण खोजीमा त्रिशूली किनारातर्फ लागेका छन्।

"दसैँमा जुटाएको दामले घर खर्च भ्याएन। तीस/चालीस हजार रुपैयाँ त ऋण नै खोज्नुपर्‍यो", शनिबार बिहानै सुनको खोजीमा धादिङको त्रिशूली किनारा तर्फ लागेका ६८ वर्षीय हर्कबहादुर बोटेले भन्नुभयो, "त्यही ऋण खर्च जुटाउन यता आएको हुँ। आइतबार बिहानैबाट सुन खोज्ने काम गर्नुपर्ला।"

पचपन्न वर्षीया श्रीमती गौमाया, ३५ वर्षीय छोरा रामबहादुर, छोरी ज्वाइँ ४५ वर्षीय कमल बोटे र ४० वर्षीया अनिता बोटे गरी पाँच जना भएर सुन खोज्न हिँडेको हर्कबहादुरले बताउनुभयो। मादी किनारामा पर्ने कोमलटारीमा करिब ४० घर बोटेको बसोबास छ। यहाँका करिब २५ घरका बोटे त्रिशूली, कालीगण्डकी, बुढीगण्डकी र मर्स्याङ्दी किनारामा सुन खोज्न जाने गर्छन्। प्रायः सुन खोज्न जाँदा श्रीमान्-श्रीमतीसहितका परिवार भएर जाने चलन रहेको हर्कबहादुरले जानकारी दिनुभयो। सुन खोज्न जानेले काठको डुँड, बाँसको चनौटो र बालुवा हाल्ने विशेष खालको सामान (पाटी) अनिवार्यरूपमा लैजानुपर्दछ। सुन खोज्दा नदी किनारामा प्रायः दुई जनाले मिलेर बालुवा छान्नु पर्छ। घरबाटै त्रिपाल, भाँडावर्तन, लत्ताकपडा लैजाने र नदी किनारामै पाल टाँगेर रात बिताउने गरिएको सुन खोज्न त्रिशूली किनारामा पुग्नुभएका कमल बोटेले बताउनुभयो। बालुवा चाल्ने क्रममा महिनाको करिब रु २० हजार बराबरको काँचो सुन सङ्कलन हुनेसमेत कमलले जानकारी दिनुभयो।

घरमा मकैखेतीसमेत गरेकाले खेती थन्क्याएर तिहारलगत्तै आफू सुन चाल्न त्रिशूली किनारामा जाने योजना बनाएको ६५ वर्षीय वीरबहादुर बोटेले बताउनुभयो। करिब ४५/५० दिन सुन चालेर घर फर्किने गरेको उहाँको भनाइ छ। "अब तिहार मानेर सुन खोज्न जाने योजनामा छु", उहाँले भन्नुभयो, "माघे सङ्क्रान्ति मान्न घर फर्किँदा त्यस्तै रु २५/३० हजार हातमा पर्ला कि भन्ने विश्वासमा छु। मेहनतको कुरा हो यसै भन्न सकिँदैन।"

पहिले मादी नदीमा पनि सुन चाल्ने गरिए पनि सुन पाउन छाडेपछि आफूहरू अन्य नदीमा जानुपरेको बोटेहरूको भनाइ छ। सुन चाल्ने पेसालाई राज्यले पनि संरक्षण गर्नुपर्नेमा त्यसो हुन नसक्दा नयाँ पुस्ताले सिक्न नचाहेको समेत वीरबहादुरले सुनाउनुभयो। यहाँका बोटेहरूले निर्वाहमुखी कृषि पेसासँगै बालुवामा सुन खोज्ने कार्यलाई पनि पेसाकै रूपमा अँगाल्दै आएका छन्।

# पर्यटन प्रवर्द्धनका लागि 'बुलेट राइडर'को समूह ढोरपाटनमा

पोखरापत्र संवाददाता
ढोरपाटन, १२ कार्तिक

पर्यटन प्रवर्द्धनका लागि काठमाडौँबाट 'बुलेट राइडर'को समूह शनिबार साफा ढोरपाटन आएको छ। नेपालको आन्तरिक पर्यटन प्रवर्द्धन गर्दै आएको उक्त समूहले यसपटक ढोरपाटनलाई रोजेको हो। उनीहरूको यात्रा छ दिन लामो रहेको छ। चालिस बुलेट बाइकमा ४५ जना ढोरपाटन आएको ढोरपाटन नगरपालिकाका उपप्रमख कल्याण कायतले जानकारी दिनुभयो।

उहाँले पर्यटकसँग सिधा सम्पर्क गर्न खोजेको बताउँदै ढोरपाटन भ्रमण रोज्नुभएकामा बुलेटराइडरप्रति सामाजिक सञ्जालबाटसमेत आभार व्यक्त गर्नुभएको थियो। उनीहरु दुई दिन पहिले काठमाडौँदेखि हिँडेका थिए।

बुलेट बाइकप्रेमीलाई ढोरपाटन ल्याउने योजनाअनुसार ढोरपाटन सिकार आरक्षसम्मको छदिने राइड सञ्चालन भएको हो। दसैं बिदाको सदुपयोग गर्दै आन्तरिक पर्यटक प्रवर्द्धन गर्ने गरी बुलेट बाइक समावेश गरी छदिने राइड सञ्चालन गरिएको आयोजक बुलेट सर्भिस सेन्टर, बालाजुका सञ्चालक सञ्जय बुढाथोकीले जानकारी दिनुभयो। उहाँले शुक्रबारदेखि काठमाडौँबाट सुरु भएको यात्रा पोखरा हुँदै ढोरपाटन पुगेर कात्तिक १५ गते पुनःकाठमाडौँ फर्कने बताउनुभयो।"धेरैपर्यटकलेमुस्ताङलाई रोजेको पाइयो तर निकै सम्भावना भएरसमेत ओफेलमा परेजस्तो लाग्यो हामीलाई ढोरपाटन", बुढाथोकीले भन्नुभयो, "यो वर्षको बुलेट राइड योजनामा ढोरपाटन पुग्ने योजनाका साथ आएका छौं, हाम्रो मुख्य उद्देश्य पर्यटन प्रवर्द्धन नै हो।" उहाँका अनुसार पहिलो दिन काठमाडौँदेखि पोखरा, दोस्रो दिन पोखरादेखि ढोरपाटन, तेस्रो दिन ढोरपाटन क्षेत्रको अवलोकन, चौथो दिन ढोरपाटनदेखि पोखरा, पाँचौं दिन पोखरामा फ्रिसेमेन्ट र छैटौं दिन पोखरादेखि काठमाडौँ आई उक्त कार्यक्रम समाप्त हुनेछ।

सञ्चालक बुढाथोकीले हरेक वर्ष नेपालका कम्तीमा पनि तीन पर्यटकीय क्षेत्रको बुलेट राइड आयोजना गर्दै आउनुभएको छ। यसभन्दा अघिल्लो पटक भारतको सिक्किम ग्यान्टोकसम्म राइड सञ्चालन गरिएको थियो।

# झाडी फाँडेर सामूहिक सुन्तला खेती

पोखरापत्र संवाददाता
म्याग्दी, १२ कार्तिक

म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ कल्लेरीमा २२ वर्षअघिसम्म छ-सात घरधुरीको बसोबास र बादुकवासीले कोदो, मकै र गहुँखेती गर्ने बारी थियो।

विसं २०५८ को बर्खामा पहिरोले कल्लेरीको पाखोबारी मात्र पुरिएन त्यहाँको बस्ती नै विस्थापित भयो। पहिरोपछि कल्लेरीको पाखो उत्तीस, ऐसेलु, वनमारा उम्रिएर झाडीमा परिणत भयो। बादुकमा जन्मिएर हाल बेलायतमा बसोबास गर्ने अर्जुन तिलिजालगायतले विसं २०७८ मा कल्लेरी पाखोलाई पुरानै अवस्थामा फर्काउने योजना गाउँलेलाई सुनाउनुभयो। बादुकवासी र जनप्रतिनिधिलाई बाँझिएर बनेको झाडी फाँडेर खनजोत गरी सुन्तला र एभोकाडो खेती गर्ने योजना मन पर्‍यो। गाउँले, प्रवासी र विवाह गरेर अन्यत्र गएका चेलीबेटीले रु ५० हजारदेखि एक लाख सङ्कलन गरेर बादुक सामूहिक कृषि फार्म स्थापना मात्र गरेनन् झाडी फाँडेर सुन्तलाको हराभरा बगैँचा बनाएका छन्। "पहिरोपछि हामीले खेती गर्न छाडेर झाडीमा परिणत भएको कल्लेरीको पाखो यस्तो हराभरा सुन्तलाबारीमा रुपान्तरण गर्न सकिएला भनेर सोचेका पनि थिएनौँ", बादुकका बासिन्दासमेत रहेका वडा सदस्य भक्तबहादुर शेरपुञ्जाले भन्नुभयो, "सबै गाउँले, विदेशी र छोरीचेली मिलेर झाडी फाँडेर सुन्तला बगैँचा बनाउन सफल भएका छौं।" एक सय ३० रोपनी पाखोबारीमा एक हजार पाँच सय बोट सुन्तलाका बिरुवा हुर्किरहेका छन्। सुन्तलासँगै चार सय बोट एभोकाडो लगाएकामा पहिरोले क्षति गरेर अहिले एक सय बोट मात्र छन्। पहिरोले तीन सय बोट एभोकाडोमा क्षति गरेको छ। सुन्तला बगैँचाभित्र तोरीखेती र मौरीपालन गरेका छन्। "पूर्व फर्किएको कल्लेरीको भूगोल र हावापानी सुन्तला खेतीका लागि उपयुक्त भएकाले व्यावसायिक हिसाबले सामूहिक खेती गरेका हौं", स्थानीय बेगबहादुर पुर्जाले भन्नुभयो, "झाडी फाँड्न, खनजोत गर्न र सुन्तला लगाउन एउटा घरले दुई महिनासम्म श्रमदान गरेका छौँ। अहिलेसम्म सोचेको भन्दा राम्रो भएको छ।" उहाँका अनुसार ५५ जनाले रु एक-एक लाख र पाँच जनाले रु पचास-पचास हजार सेयर लगानी गरेका छन्। फार्म स्थापना गर्न हालसम्म करिब रु ४० लाख खर्च भएको छ। फार्म रेखदेख गर्न बादुकका नरकाजी फगामी र लोकेन्द्र गर्बुजालाई कर्मचारी राखिएको छ। रोजगारी सिर्जना र गाउँलाई आत्मनिर्भर बनाउने उद्देश्यले सामूहिक सुन्तला खेती गरेको फार्मका सञ्चालकहरूको भनाइ छ। जग्गाधनीले सुन्तलाबाट आम्दानी नहुँदासम्म जग्गाको भाडा नलिने सहमति गरेका छन्। सुन्तला खेतीमा आवश्यक पर्ने मलका लागि तीनवटा जर्सी जातका गाई र एक साँढे पालिएको छ। गाईको दूध बेचेर एक जनाको तलब व्यवस्थापन गरिएको छ। सेयर लगानी गरेकाहरूबाट सुन्तलाले उत्पादन नदिँदासम्म वार्षिक रु दुई हजार पाँच सयका दरले नगद अथवा पाँच दिन बराबर श्रमदान गर्नुपर्ने नियम बनाएका छन्। बगैँचा गोडमेल, मलजल गर्न श्रमदान र सेयर सदस्यबाट सङ्कलन गरेको रकम परिचालन गरिएको छ। रु २० लाखको कोषबाट अर्का एक जना कर्मचारीको तलब व्यवस्थापन गरिएको छ। बाँझो जमिनमा खेती गर्नेलाई अनुदान दिने कार्यक्रमअन्तर्गत कृषि ज्ञान केन्द्र म्याग्दीले बादुकको सामूहिक सुन्तला खेतीलाई सहयोग गरेको छ। कल्लेरीमा सिँचाइ योजना निर्माण गर्न चालु आर्थिक वर्षमा प्रदेश सरकारबाट रु २० लाख बजेट विनियोजन भएको गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले बताउनुभयो। "बादुकको सामूहिक सुन्तला खेती म्याग्दी जिल्लामै नमूना देखिएको छ", उहाँ भन्नुभयो, "बाँझिएको जमिनलाई सदुपयोग गरी रोजगारी सिर्जना र गाउँलाई समृद्ध बनाउन बादुकवासीको अभियान अन्यका लागि पनि अनुकरणीय छ।"

# पर्यटकले भरिभराउ बन्दै शाहसिक पर्यटकीय क्षेत्र कुश्मामा

पोखरापत्र संवाददाता
पोखरा, १२ कार्तिक

शाहसिक पर्यटकीय पूर्वाधार बढेसँगै पर्वतमा पछिल्लो केही समययता आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण ह्वात्तै बढेको छ।

विभिन्न सङ्घसंस्थाका अवलोकन भ्रमणका गन्तव्यसमेत पर्वत सदरमुकाम कुश्मा बन्दै गएका छन्। कुश्माबजारमा बनेको विश्वकै दोस्रो अग्लो बञ्जीजम्प, विश्वकै दोस्रो लामो सुपरम्यान शैलीको जीपलाइन, नेपालकै अग्लो र लामा झोलुङ्गे पुलले आन्तरिक पर्यटकलाई आकर्षित गरेको हो। नेपालीको सांस्कृतिक पर्वमध्येको ठूलो पर्व बडादसैं सकिएसँगै पर्यटकको चहलपहल बढ्न थालेको हो। दसैं तिहारजस्ता चाडबाडका कारण पनि पर्यटक बढी भित्रिएका हुन्। सरकारी वा सार्वजनिक बिदालाई पछिल्लो समय नेपालीले घुमघाम र मनोरञ्जन लिएर बिताउन थालेका छन्। हिँउदयामसमेत सुरु भएकाले पर्वत सदरमुकाम दैनिक हजारौंको सङ्ख्यामा आन्तरिक पर्यटक भित्रिने गरेका छन्। विगतका वर्षमा आन्तरिक पर्यटक मात्र आउने कुश्माका पर्यटकीयस्थलमा पछिल्लो समय बाह्य पर्यटकको सङ्ख्यासमेत बाक्लिन थालेको होटल ड्रागनका सञ्चालक सुरेश केसीले जानकारी दिनुभयो। पर्यटकको सङ्ख्या बढेसँगै कुश्माबजारका होटल भरिभराउ हुन थालेका छन्।

पर्यटकीय पूर्वाधार बढेसँगै कुश्माबजारमा सुविधासम्पन्न होटलसमेत थपिन थालेका छन्। सोह्रश्राद्ध, वडादसैँलगायतका कारण हिमालपारीको जिल्ला मुस्ताङको कागवेनीमा श्राद्ध गर्न जाने तथा उपल्लो मुस्ताङ र कोरल्ला नाकामा घुम्न जाने आन्तरिक तथा बाह्य पर्यटकका कारण पनि पर्वत सदरमुकाममा चहलपहल बढ्न थालेको हो। मुस्ताङ जाने दर्शनार्थी र अन्य पर्यटकले जाने बेलामा र फर्किने बेलामा बास बस्नका लागि होटल बुकिङ गर्ने गरेको होटल बन्दनाका सञ्चालक कृष्णप्रसाद श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार नेपालका चितवन, विराटनगर, हेटौँडा, दोलखा, नेपालगञ्ज, बर्दिया, दाङ, बुटवल, कपिलवस्तुलगायतका क्षेत्रबाट शैक्षिक सङ्घसंस्था, सहकारी संस्था, विभिन्न सामुदायिक सङ्घ संस्थाको शैक्षिक तथा अवलोकन भ्रमणका लागि यस क्षेत्रमा आउनेक्रम बढ्दो रहेको उहाँले बताउनुभयो। कतिपयले पर्वतलाई गन्तव्य बनाउने गरेका छन् भने कतिपय बागलुङ म्याग्दीतर्फसमेत जाने गरेको होटल व्यवसायीको भनाइ छ।

पछिल्ला केही दिनयता सदरमुकामका सुविधा सम्पन्न मानिने बन्दना, बेन्जु, माउन्टेन भ्यू, फ्रेण्डली, धौलागिरि, मुस्ताङ, ओरियन्ट, ड्रागनलगायतका होटल भरिभराउ रहेको सञ्चालकले बताएका छन्। यता बञ्जीजम्प र जीपलाइनमासमेत एक हप्ताअघिदेखि नै टिकट बुक भइरहेको सञ्चालकले बताएका छन्।

अन्य दिनभन्दा शुक्रबार र शनिबार तथा सार्वजनिक बिदाका दिनमा पर्यटकको चाप बढी हुने गरेको भए पनि यतिबेला लामो सरकारी बिदा भएकाले नियमितजसो भीडभाड हुन थालेको छ। यस वर्षदेखि बाह्य पर्यटकसमेत उल्लेख्यमात्रामा आउन थालेको द क्लिफका सञ्चालक राजु कार्कीले बताउनुभयो। दैनिक एक सयभन्दा बढीले बञ्जी तथा स्वीङ गर्ने गरेको र त्यसकै हाराहारीमा पिङ, रकक्लाइम्बिङ, साइकलिङ गर्ने गरेको कार्कीको भनाइ छ। पर्यटकको चलहपहलसँगै कुश्मा बजार नजिकै कालीगण्डकी नदीको सानो बगरमा झण्डै रु २० करोड लगानीको एड्भान्चर रिसोर्टसमेत बिहीबारदेखि सञ्चालनमा आएको छ।

# तनहुँमा धान उत्पादन क्षेत्र घट्दै

कृष्ण न्यौपाने/रासस
दमौली, १२ कार्तिक

तनहुँ जिल्लामा वार्षिक चार हजार मेट्रिक टन चामल अपुग रहेको देखिएको छ। कृषि ज्ञान केन्द्र तनहुँको तथ्याङ्कले जिल्लामा चामल अपुग रहेको देखिएको हो।

जिल्लामा धान उत्पादन हुने क्षेत्र घट्दै गएकाले चामल अपुग देखिएको बागबानी विकास अधिकृत वीरेन्द्र धितालले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लाका लागि चार हजार सात सय १७ मेट्रिक टन चामल अपुग छ।

वार्षिक प्रतिव्यक्ति दैनिक शून्य दशमलव २५ केजीका दरले एक वर्षका लागि प्रतिव्यक्ति ९१ दशमलव २५ केजी चामल आवश्यक पर्दछ। तनहुँमा यस वर्ष २७ हजार दुई सय २० मेट्रिक टनमात्रै चामल उत्पादन भएको छ। जबकि वार्षिकरूपमा ३१ हजार नौ सय ३७ मेट्रिक टन चामल आवश्यक पर्दछ।

उहाँले भन्नुभयो, "अहिलेको अवस्थामा उत्पादन भएको चामलले पुगिरहेको छैन। धान उत्पादन घटेसँगै चामल पनि अपुग भइरहेको छ।" प्रतिव्यक्तिले प्रतिदिन दुई सय ग्राम खायो भने एक हजार सात सय ७० मेट्रिक टन बचत हुने तथ्याङ्कले देखाएको छ।

धान उत्पादनमा आत्मनिर्भर हुनसके जिल्लामा चामल बढी हुने देखिएको छ। यसका लागि कार्यालयले चैतेधान प्रवर्द्धन कार्यक्रमलाई अगाडि बढाएको छ। हाल एक हजार आठ सय ९० हेक्टरमात्रै चैते धानखेती भइरहेकामा त्यसलाई दुई हजार चार सय हेक्टरमा विस्तार गर्ने लक्ष्य छ। "त्यसो हुँदा चैते धान उत्पादन वृद्धि भई चामलमा आत्मनिर्भर बन्न सकिन्छ। त्यतिबेला ६० मेट्रिक टन चामल बढी उत्पादन हुन्छ", बागबानी विकास अधिकृत धितालले भन्नुभयो। वर्षे धान बिक्री नभएकाले धानखेतीतर्फ कृषकको आकर्षण घटेको छ। पछिल्लो एक दशकयता जिल्लामा वर्षे, चैते र घैयया धान उत्पादन घट्दो अवस्थामा छ। विसं २०६० मा ३५ हजार सात सय ८६ मेट्रिक टन वर्षे धान उत्पादन भएकामा विसं २०७९ मा ३३ हजार दुई सय ८० मेट्रिक टन धान उत्पादन भएको छ। त्यतिबेला १२ हजार तीन सय ४० हेक्टर क्षेत्रफलमा वर्षे धानखेती हुने गरेकामा अहिले घटेर आठ हजार तीन सय २० हेक्टर क्षेत्रफलमा धानखेती भइरहेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

यस अवधिमा वर्षे धानखेती गर्ने क्षेत्रफल चार हजार २० हेक्टर क्षेत्रफल घटेको छ भने दुई हजार पाँच सय छ मेट्रिक टन धान उत्पादनमा कमी आएको छ। विसं २०६० सालमा ११ हजार सात सय ८० मेट्रिक टन चैते धान उत्पादन भएकामा विसं २०७९ मा सात हजार नौ सय ३८ मेट्रिक टन चैत धान उत्पादन भएको छ। त्यतिबेला तीन हजार आठ सय हेक्टर क्षेत्रफलमा चैते धानखेती हुने गरेकामा अहिले घटेर एक हजार आठ सय ९० हेक्टर क्षेत्रफलमा मात्रै हुने गरेको छ।

यस अवधिमा चैते धानखेती गर्ने क्षेत्रफल एक हजार नौ सय १० हेक्टर क्षेत्रफल घटेको छ भने तीन हजार आठ सय ४२ मेट्रिक टन धान उत्पादनमा कमी आएको छ। विसं २०६० मा आठ हजार एक सय ९४ मेट्रिक टन धान उत्पादन भएकामा विसं २०७९ मा २५ मेट्रिक टनमात्रै धान उत्पादन भएको छ। त्यतिबेला तीन हजार नौ सय दुई हेक्टर क्षेत्रफलमा घैयया धानखेती हुने गरेकामा अहिले १० हेक्टर क्षेत्रफलमा मात्रै उक्त खेती भइरहेको छ। यस अवधिमा घैयया धानखेती गर्ने क्षेत्रफल तीन हजार आठ सय ९२ हेक्टरले घटेको छ भने आठ हजार एक सय ६९ मेट्रिक टन कमी आएको छ। कार्यालयले चैते धानलाई विशेष जोड दिएर कार्यक्रम सञ्चालन गर्न लागेको छ। चैते धानतर्फ कृषकको आकर्षण बढाउन चालु आर्थिक वर्षमा कार्यक्रम सञ्चालन गरिने उहाँको भनाइ छ। यसका लागि कार्यालयले हाइब्रिड बीउ, हाते ट्र्याक्टर, धान उत्पादनमा प्रोत्साहन वितरणलगायतका कार्यक्रम ल्याएको छ। गत आव २०७९/८० मा कार्यालय चैते धान प्रवर्द्धनका लागि रु ५० लाख बजेट विनियोजन गरेको थियो। चालु आव २०८०/८१ मा त्यसलाई बढाएर रु एक करोड ५० लाख पुर्‍याएको छ। गत आवमा चैते धान प्रवर्द्धन कार्यक्रममार्फत १० वटा समूहलाई दुई हजार पाँच सय केजी हाइब्रिड बीउ वितरण गरिएको थियो। त्यसका लागि रु ४३ लाख ५९ हजार खर्च भएको थियो। त्यस्तै १६ हजार १२ केजी उन्नत बीउ, २५ वटा हाते ट्र्याक्टर, ३४ वटा मिलका साथै धान उत्पादनमा रु छ लाख प्रोत्साहन रकम उपलब्ध गराइएको थियो। चालु आवमा चैते धानको बीउ प्रतिस्थापन, उन्नत र हाइब्रिड बीउ प्रयोगमा जोड, मेसिनरी प्रयोग, चैते धान सुकाउने मेसिन, धान काट्ने मेसिन वितरण, कुलो निर्माण र मर्मत, चामल मिलको स्तरोन्नति र चैते धानको बजारीकरणमा सहयोग गरिने ज्ञान केन्द्रले जनाएको छ।

# छोरीमात्र भएका बन्ध्याकरण गर्ने दम्पतीलाई सम्पत्ति करमा छुट

पोखरापत्र संवाददाता
तनहुँ, १२ कार्तिक

व्यास नगरपालिका कार्यालयले छोरी मात्र पाएर बन्ध्याकरण गर्ने दम्पत्तिलाई नगरपालिकाबाट लगाइने करमा छुट दिने नीति लिएको छ।

नगरपालिकाको नीति तथा कार्यक्रममा "लैङ्गिक भेद्भाव मुक्त व्यास नगर" बनाउने उद्देश्य अनुरुप छोरी २० वर्ष नपुग्दासम्म सम्पत्ति कर लगायतका सबै करमा २० प्रतिशत छुट दिएको हो। व्यास नगरपालिकाभित्रका महिलाको क्षमता विकास एवं सीप विकास गरी आत्मनिर्भर बनाउनका लागि "उपप्रमुख महिला सीप विकास कार्यक्रम" सञ्चालन गर्न लागेको छ। "आत्मनिर्भर छोरी सशक्त व्यास नगर" अभियानमा छोरीको २० वर्ष पुगेपछि मात्र विवाह गर्ने दलित, आदिवासी जनजाति दुरा, बोटे, दराई, कुमाल, चेपाङको छोरीलाई सम्मान गर्दै त्यस्ता छोरीको अध्ययनमा सहयोग गर्ने नीति लिएको हो। उमेर २० वर्ष पुगेपछि मात्र विवाह गर्न प्रचारप्रसार एवं अभिमुखीकरण लगायतका सचेतनामूलक कार्यक्रम गरिने व्यास नपाका प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदीले जानकारी दिनुभयो। नगरपालिकाभित्र स्थायी बसोबास गर्ने कक्षा १२ सम्म योग्यता हासिल गरेका विपन्न बेरोजगार महिलालाई उद्यमशीलता विकासका लागि अनुदानको व्यवस्था मिलाइएको छ। व्यास नगरपालिकामा स्वास्थ्य सङ्कटमा रहेका विपन्न महिलालाई आर्थिक सहयोग प्रदान गरी जीवनरक्षामा सहयोग पुऱ्याउने लक्ष्य नगरपालिकाको रहेको उहाँले बताउनुभयो।


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मितिः २०८०/०६/३०)**

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, मुस्ताङ जिल्ला, लो-घेकर दामोदरकुण्ड गाउँपालिका, वडा नं.०२ मा घामी जोङ्ग प्रा.लि.द्वारा घामी जोङ्ग होटल निर्माण तथा सञ्चालन सम्बन्धी संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी प्रस्तावित आयोजना निर्माण स्थलमा मिति २०८०/०७/१४ गते मंगलबारको दिन बिहान ०८:३० बजे सरोकारवालाहरुको उपस्थितीमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछु।

**आयोजक**
**घामी जोङ्ग प्रा. लि.**
**लो-घेकर दामोदरकुण्ड गाउँपालिका, वडा नं. ०२**